## आकाशवाणी समाचार- नेपाली

मितिः १६ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले रियो दि जेनेरियोमा भएको G-20 शिखर सम्मेलनमा भोकमरी र गरिबी उन्मूलन गर्ने विश्वव्यापी गठबन्धन सुरु गरेकोमा ब्राजिलको प्रशंसा गर्नु भएको छ।
२. प्रधानमन्त्री नरेन्द्र मोदीले ब्राजिलमा चलिरहेको G-20 शिखर सम्मेलनको क्रममा नर्वे, ब्रिटेन, फ्रान्स,इटाली, इन्डोनेसिया अनि पोर्चुगलका प्रधानमन्त्रीसंग भेटवार्ता गर्नु भयो I
३. गृहमन्त्री अमित शाहले आज गुजरातको गान्धीनगरमा रहेको राष्ट्रिय रक्षा विश्वविद्यालयमा अखिल भारतीय पुलिस विज्ञान कांग्रेसको स्वर्ण जयन्ती समारोहको उद्घाटन गर्नु हुनेछ।
४. महाराष्ट्रमा भोलि हुन गइरहेको विधानसभा चुनावको सम्पूर्ण तयारी पूरा भएको छ।
५. राष्ट्रिय राजधानी दिल्लीमा वायुको गुणस्तर खस्कदो अवस्थामा छ । हिजो राति १० बजे औसत वायु गुणस्तर सूचकाङ्क ४ सय ९४ रेकर्ड गरियो ।

**प्रधानमंत्री वैश्विक गठबंधन**

प्रधानमन्त्री नरेन्द्र मोदीले रियो दि जेनेरियोमा भएको G-20 शिखर सम्मेलनमा भोकमरी र गरिबी उन्मूलन गर्ने विश्वव्यापी गठबन्धन सुरु गरेकोमा ब्राजिलको प्रशंसा गर्नु भएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले भन्नु भयो, यो विश्वव्यापी खाद्य सुरक्षा सुनिश्चित गर्ने र कमजोर समुदायहरूको उत्थानको लागि महत्त्वपूर्ण पहल हो। उहाले ब्राजिलको यो प्रयासमा भारतको पूर्ण सहयोग रहने आश्वासन पनि दिनु भयो।

****** ० ******

**पीएम- द्विपक्षीय वार्ता**

प्रधानमन्त्री नरेन्द्र मोदीले ब्राजिलमा चलिरहेको G-20 शिखर सम्मेलनको क्रममा नर्वे, ब्रिटेन, फ्रान्स,इटाली, इन्डोनेसिया अनि पोर्चुगलका प्रधानमन्त्रीसंग भेटवार्ता गर्नु भयो I श्री मोदीले नर्वेका प्रधानमन्त्री जोनास गार स्टोटरसँग भेट गर्नु भयो। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले भन्नु भयो, आफुहरुले दुई देशहरू बीचको लगानी सम्बन्ध सुधार गर्ने छलफल गरे, विशेष गरी नवीकरणीय ऊर्जा, हरित हाइड्रोजन र समुद्री अर्थव्यवस्थामा छलफल गरेको बताउनु भएको छ। दुवै पक्षबीच नवप्रवर्तन र अनुसन्धानमा सहकार्यबारे पनि छलफल भएको थियो। भारतको आर्कटिक नीतिले दुई देशबीचको सम्बन्धलाई प्रगाढ बनाएको प्रधानमन्त्रीले बताउनु भएको छ । वार्तामा भारत–युरोप स्वतन्त्र व्यापार संघ सम्झौतामा हस्ताक्षर भएपछि भारत–नर्वे सम्बन्धलाई सुदृढ बनाउने विषयमा पनि छलफल भएको थियो। दुई नेताबीच भूराजनीतिक विषयमा पनि छलफल भएको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रिटेनका प्रधानमन्त्री केयर स्टाररसंग पनि भेट गर्नु भयो। उहाले बेलायतसँगको बृहत् रणनीतिक साझेदारी भारतका लागि निकै महत्वपूर्ण रहेको बताउनु भयो । मोदीले दुवै देश हरित ऊर्जा, सुरक्षा, नवप्रवर्तन, प्रविधि, व्यापार र सांस्कृतिक सम्पर्कका क्षेत्रमा मिलेर काम गर्न इच्छुक रहेको बताउनु भयो।

श्री मोदीले फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनसंग पनि भेट गर्नु भयो । यसक्रममा यस वर्ष पेरिस ओलम्पिक र पाराओलम्पिक खेलहरू सफलतापूर्वक आयोजना गर्न मेकानिकल इन्टेलिजेन्स र अन्य क्षेत्रहरूमा मिलेर काम गर्ने सम्भावनाहरूमा छलफल गरेको बताईएको छ । श्री मोदीले भन्नु भयो, भारत र फ्रान्सले पनि जन सम्पर्क बढाउन मिलेर काम गर्नेछन्। यसरी नै प्रधानमन्त्री नरेन्द्र मोदी र इटालीका प्रधानमन्त्री जर्जिया मेलोनीले हिज द्विपक्षीय भेटवार्ता गर्नु भयो । भेटमा दुई देशबीचको रक्षा, सुरक्षा, व्यापार र प्रविधिमा सम्बन्धलाई थप प्रगाढ बनाउने विषयमा छलफल भएको थियो । एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले भन्नु भयो, भेटवार्ताको क्रममा संस्कृति, शिक्षा र अन्य यस्ता क्षेत्रमा सहयोग कसरी बढाउने भन्ने विषयमा छलफल भयो । उहाले भारत-इटाली मित्रताले विश्वको सुधारका लागि धेरै योगदान गर्न सक्ने बताउनु भयो । वार्ताको क्रममा, दुई नेताहरूले भारत-इटाली संयुक्त रणनीतिक कार्य योजना 2025-29 लाई लामो समयदेखि चलिरहेको द्विपक्षीय सम्बन्धलाई थप गति दिन र गति दिन स्वागत गरे। यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले इन्डोनेसियाका राष्ट्रपति प्राबोवो सुब्यान्टोसँग द्विपक्षीय भेटवार्ता गर्नु भयो। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले भन्नु भयो, दुई बीचको वार्ता वाणिज्य, सुरक्षा, स्वास्थ्य सेवा, औषधि र अन्य क्षेत्रमा सम्बन्ध सुधार गर्न केन्द्रित थियो। उहाले भारत–इन्डोनेसियाबीच कूटनीतिक सम्बन्धको ७५ वर्ष पूरा भएकाले यो वर्ष दुवै देशका लागि विशेष रहेको बताउनु भयो ।
श्री मोदीले पोर्चुगलका प्रधानमन्त्री लुइस मोन्टेनेग्रोसँग द्विपक्षीय बैठक पनि गर्नु भयो , जसमा दुई देशबीचको आर्थिक सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा कुराकानी भएको थियो। श्री मोदीले पोर्चुगलसँगको आफ्नो लामो समयदेखिको सम्बन्धलाई भारतले ठूलो महत्त्व दिएको बताउनु भयो । उहाले नवीकरणीय उर्जा र हरित हाइड्रोजन लगायतका क्षेत्रले दुई देशबीच सहकार्यका धेरै अवसर प्रदान गरेको बताउनु भयो । श्री मोदीले दुवैले बलियो रक्षा सम्बन्ध सहित अन्य धेरै विषयमा पनि कुरा गरेको बताउनु भएको छ ।

****** ० ******

**अमित शाह-गुजरात**

गृहमन्त्री अमित शाहले आज गुजरातको गान्धीनगरमा रहेको राष्ट्रिय रक्षा विश्वविद्यालयमा अखिल भारतीय पुलिस विज्ञान कांग्रेसको स्वर्ण जयन्ती समारोहको उद्घाटन गर्नु हुनेछ । कार्यक्रममा मुख्यमन्त्री भूपेन्द्र पटेल पनि सहभागी हुनु हुनेछ । श्री शाहले आज गुजरातमा केही अन्य महत्वपूर्ण कार्यक्रममा पनि भाग लिनु हुनेछ । यस वर्ष, अखिल भारतीय पुलिस विज्ञान कांग्रेसमा, देशको पुलिसको भविष्य, विश्वव्यापी उत्कृष्ट अभ्यासहरू र सुधारमा प्रविधिको महत्त्वबारे छलफल हुनेछ।

****** ० ******

**मनोहर लाल – पीएम आवास योजना 2.0**

आवास तथा शहरी मामिला मन्त्री मनोहर लालले प्रधानमन्त्री आवास योजनाको दोस्रो चरणमा प्रत्येक परिवारको पक्की छानो हुने सपना पूरा हुने बताउनु भएको छ । हिजो नयाँ दिल्लीमा प्रधानमन्त्री शहरी आवास योजना सम्बन्धी राष्ट्रिय कार्यशालामा बोल्नु हुदै उहाले यस योजनाको प्रभावले अर्थतन्त्र र सम्बद्ध क्षेत्रमा लगभग ३ करोड रोजगारीका अवसरहरू सिर्जना भएको बताउनु भ्याओ । उहाले योजनाको दोस्रो चरणको प्रभावकारी कार्यान्वयन र जिम्मेवार प्रशासनले यस योजनाको लाभलाई अन्तिम माइलसम्म पुर्याउन सकिने बताउनु भयो । यस योजनामा पहिलो पटक श्रमजीवी महिला तथा औद्योगिक श्रमिकलाई सहुलियत भाडामा उपयुक्त आवास उपलब्ध गराउन छुट्टै संयन्त्र ल्याएको उहाले बताउनु भयो । प्रधानमन्त्री आवास योजनाको दोस्रो चरणका लागि २५ भन्दा बढी राज्यले आवास तथा शहरी मामिला मन्त्रालयसँग सम्झौता गरेका छन् ।

****** ० ******

**महाराष्ट्र-चुनाव तयारी**

महाराष्ट्रमा भोलि हुन गइरहेको विधानसभा चुनावको सम्पूर्ण तयारी पूरा भएको छ । भोलि एकै चरणमा राज्यका सबै २ सय ८८ सिटका लागि मतदान हुनेछ। प्रदेशमा कुल चार हजार १ एक ३६ उम्मेदवार चुनावी मैदानमा छन्, जसमध्ये दुई हजार ८६ स्वतन्त्र छन् । भारतीय जनता पार्टीले १ सय ४९ सिटमा, शिवसेना ८१ सिटमा र अजित पवारको नेतृत्वमा रहेको राष्ट्रवादी कांग्रेस पार्टीले ६९ सिटमा प्रतिस्पर्धा गरिरहेको छ । कांग्रेसका १ सय १, शिवसेना–उद्धव गुटका ९५ र राष्ट्रवादी काँग्रेस पार्टी–शरद पवार गुटका ८६ उम्मेदवार चुनावी मैदानमा छन् । बहुजन समाज पार्टीले २ सय ३७ उम्मेदवार र ए.आई.एम.आई.एम.ले १७ जना उम्मेदवार उम्मेदवारी दिएका छन् I मतगणना २३ नोभेम्बरमा हुनेछ।

****** ० ******

**छत्तीसगढ़-पक्राउ**

केन्द्रीय अन्वेषण ब्यूरो-सीबीआईले छत्तीसगढमा सी.जी.पी.एस.सी. भर्ती घोटाला सम्बन्धी मुद्दामा राज्य लोक सेवा आयोगका पूर्व अध्यक्ष तमन सिंह सोनवानीलाई पक्राउ गरेको छ। सोनवानीले आफ्नो प्रभाव प्रयोग गरी छोरालाई डेपुटी कलेक्टर, भतिजालाई डेपुटी एसपी, भतिजीलाई श्रम अधिकारी , बुहारीलाई डेपुटी कलेक्टर र भाइकी बुहारीलाई जिल्ला आबकारी अधिकारीमा नियुक्त गरेको आरोप छ । यसरी नै ग्रामीण विकास समितिमार्फत ४५ लाख घुस लिएको अभियोगमा बजरंग पावर एण्ड इस्पात लिमिटेडका निर्देशक श्रवणकुमार गोयललाई पनि सीबीआईले पक्राउ गरेको छ । सो समितिमा सोनवानीका आफन्त सदस्य छन् ।

****** ० ******

**दिल्ली-प्रदूषण**

राष्ट्रिय राजधानी दिल्लीमा वायुको गुणस्तर अझ खस्कदो अवस्थामा छ । हिजो राति १० बजे औसत वायु गुणस्तर सूचकाङ्क ४ सय ९४ रेकर्ड गरिएको थियो । केन्द्रीय प्रदूषण नियन्त्रण बोर्डका अनुसार दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल, द्वारका सेक्टर ८, वजिरपुर र विवेक विहारमा वायुको गुणस्तर ५०० थियो। यो स्तर जवाहरलाल नेहरू स्टेडियममा ४ सय ९८ र आई.टी.ओ.मा ३ सय ६१ रहेको पाइएको थियो । दिल्लीका उपराज्यपाल विनय कुमार सक्सेनाले वायु प्रदूषणलाई ध्यानमा राख्दै दिल्ली सरकारका सबै सरकारी कार्यालयहरूको समय परिवर्तन गर्न निर्देशन दिएका छन्। दिल्ली नगर निगमका कार्यालयहरू बिहान 8:30 बजेदेखि 5 बजेसम्म र दिल्ली सरकारका कार्यालयहरू बिहान 10 बजेदेखि 6:30 बजेसम्म खुला रहनेछन्। यो प्रणाली आगामी फरवरी महिनासम्म रहनेछ । दिल्लीका मुख्यमन्त्री आतिशीले आजदेखि दिल्लीका सबै विद्यालयमा अनलाइन कक्षा सञ्चालन हुने घोषणा गर्नु भएको छ । यसरी नै दिल्ली विश्वविद्यालयले शनिबारसम्म अनलाइन मोडमा कक्षा सञ्चालन गर्नेछ।

****** ० ******